नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ | अंक ८० | २०७९ साल कात्तिक ४ गते शुक्रबार (21 Oct 2022 Friday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

*यस अंक भित्र :* २ पृष्ठमा : नवौं राष्ट्रिय खेलकुदमा भलिबल. ३ पृष्ठमा : बस्तीका शतप्रतिशत मुसहर ... ३ पृष्ठमा सुरक्षा परिषद्द्वारा इजरायल...

# सप्तरीको क्षेत्र नं. २ को प्रदेशसभा ख मा त्रिपक्षिय प्रतिस्पर्धा







**दैनिक समाचारदाता**
**राजविराज, ३ कात्तिक ।**

सप्तरीको निर्वाचन क्षेत्र २ को प्रदेशसभा ख मा त्रिपक्षिय प्रतिस्पर्धा हुने भएको छ ।

यस क्षेत्रमा जनमत पार्टीबाट पुर्व माओवादी नेता महेश यादव, सत्तारुढ गठबन्धनबाट पुर्व मन्त्री एवं माओवादी नेता उमेश यादव र जसपा-एमाले गठबन्धनबाट जसपा नेता लक्ष्मण यादवबीच कडा प्रतिष्पर्धा हुने अनुमान गरिएको छ ।

४५ हजार ४ सय ७६ मतदाता रहेको यस क्षेत्रमा १४ जना उम्मेदवार चुनावी मैदानमा छन् । तर मुख्य प्रतिस्पर्धा महेश, उमेश र लक्ष्मण बीच नै हुने मतदाताको आकलन छ ।

यस क्षेत्रबाट नेमकिपाका महिदेव चौधरी, राप्रपा नेपालका फुदन लाल खंग, राप्रपाका फुलेन्द मण्डल, नेपाल संघिय समाजवादी पार्टीका मो.परमुद, हाम्रो नेपाली पार्टीका खेलानन्द कुमार दास र स्वतन्त्र तर्फ सकुन्तला देवी यादव, रिंकु देवी यादव, गंगा राम यादव, निरज कुमार शाही र दुर्गानन्द यादव पनि चुनावी मैदानमा छन् ।

यस क्षेत्रमा राजविराज नगरपालिकाको सबै १६ तथा महादेवा गाउँपालिकाको २ वटा वडा पर्दछ । स्थानीयतहको निर्वाचनमा यस क्षेत्रमा जसपाले प्रमुख पदमा १० हजार ३ सय ४५ र एमालेले ९ हजार ३ सय ८७ मत प्राप्त गरेको थियो ।

यस्तै माओवादीका प्रमुखका उम्मेदवारले ५ हजार ४ सय ४६, काँग्रेसका प्रमुखका उम्मेदवारले ४ हजार ७ सय ६७, लोसपाका प्रमुखका उम्मेदवारले ३ हजार ४ सय ८१, एकिकृत समाजवादीका प्रमुखका उम्मेदवारले २ हजार ८ सय ९० मत ल्याएका थिए ।

यस्तै जनमत पार्टीका प्रमुख पदका उम्मेदवारले १ हजार १ सय ७ मत ल्याएको थिए । यस मतभारको आधारमा अहिल सत्ता गठबन्धनका उम्मेदवार बलियो देखिन्छ ।

अघिल्लो चुनावमा यस क्षेत्रबाट संघिय समाजवादी फोरम र राजपा गठबन्धनका साझा उम्मेदवार मनिष सुमन निर्वाचित भएका थिए । उनी यस पल्ट समानुपातीक तर्फका उम्मेदवार बनेका हुन् । त्यतिबेला उनका निकटतम प्रतिद्वन्दी रहेका माओवादी केन्द्रका महेश यादव अहिले सो पार्टी त्यागेर जनमत पार्टीबाट उम्मेदार बनी दोश्रो पल्ट चुनावी मैदानमा उत्रेका हुन् ।

भारोत्तोलन संघ सप्तरीका अध्यक्ष समेत रहेका महेशको राजविराज नगरपालिका क्षेत्रमा राम्रै पकड भएको धेरैको आकलन छ । सत्तारुढ गठबन्धनका उम्मेदवार माओवादीका उमेश यादव र जसपाका लक्ष्मण यादव पनि नगर क्षेत्रमा पकड बलियो बनाउन भरपूर्ण प्रयास गरिरहेका छन् । ग्रामिण क्षेत्रमा भने ३ वटै उम्मेदारको मतभार उस्तै उस्तै रहेको प्रदेशसभा निर्वाचनलाई नजिकबाट नियाली रहेका राजनीतिक विशलेषकहरु बताउँछन् ।

*बाँकी अन्तिम पृष्ठमा*

# ठूला पार्टीहरुले मधेश र मधेशी जनतालाई शोषण मात्र गर्दै आएको उपेन्द्र यादवको आरोप




**दैनिक समाचारदाता**
**राजविराज, ३ कात्तिक ।**

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले काँग्रेस लगायतका ठूला पार्टीहरुले मधेश र मधेशी जनतालाई शोषण मात्र गर्दै आएको आरोप लगाएका छन् ।

सप्तरीको महादेवा गाउँपालिकास्थित बलिया मठमा विहीबार आयोजित अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उनले यस्तो आरोप लगाएका हुन् ।

भेलालाई सम्बोधन गर्दै अध्यक्ष यादवले शोषित उत्पीडित जनताको हक अधिकार स्थापित गराउन आफुहरु अझै संघर्षरत रहेको बताउँदै शोषण, दमन एवम् अत्याचारबाट मुक्ति दिलाउने जिम्मा जसपाको रहेको उल्लेख गरे ।

उनले काँग्रेस लगायतका ठूला पार्टीहरुले मधेशी जनतालाई शोषण गर्दै आएकाले जसपाले मात्र मुक्ति दिलाउने दाबी समेत गरे । पहिचान, स्वाभिमान, समावेशिता र समानताका लागि आफुहरु पार्टीको स्थापनाकालदेखि नै संघर्ष गर्दै आएको चर्चा गर्दै अध्यक्ष यादवले शोषण, दमन एवम् विभेदमा पारिएको समुदायका लागि अझै संघर्षरत रहेको चर्चा गरे ।

विकास सम्बन्धी मानवीय सूचकाङ्क अनुसार पछाडि परेको जिल्लाहरुमा सप्तरी देशमै तेस्रो तथा प्रदेशमा रौतहट पहिलो र सप्तरी दोस्रो रहेको चर्चा गर्दै उनले भने, “सप्तरी मेरो जन्मभूमी भएकोले यहींको माटोमा जन्मे, हुर्के र विद्यालय शिक्षा पनि यहीं प्राप्त गरें, त्यही भएर गत निर्वाचनमा उम्मेदवारी दिएँ र भारी मतले प्रतिनीधि सभा सदस्यमा निर्वाचित भएँ ।

कार्यक्रममा पार्टीका नेता समेत रहेका राष्ट्रिय सभा सदस्य

*बाँकी तीन पृष्ठमा*



# नवौं राष्ट्रिय खेलकुदमा भलिबल दर्शकका लागि सर्वाधिक प्रिय

बेनी (म्याग्दी), ३ कात्तिक (रासस)।
म्याग्दीको सदरमुकाम बेनीकी ५४ वर्षीया थममाया थापाले महिला भलिबलका कुनै पनि खेल हेर्न छुटाइनन् । घरको कामकाजबाट फुर्सद निकाल्दै उनले भलिबलबाट आनन्द लिइन् । स्कुले जीवनमा थापाले भलिबल खेले पनि जिल्ला र क्षेत्रीय प्रतियोगितामा भने कहिल्यै सहभागी नभएकी उनमा भलिबलप्रतिको रुची भने अहिले पनि उत्तिक्कै छ । "उमेरले हेर्ने रहर छेक्दो रहेनछ", बेनीमा महिला भलिबल खेल हेर्दै गरेकी थापाले भनिन्, "मलाई भलिबल औधी मन पर्छ, यसपाली खेल हेर्दा सारै मजा आयो ।" उनी छोरीलाई साथमा लिएर भलिबल हेर्न आएकी थिइन् ।

पर्वतको कुश्माका हरेराम रसाइली पनि भलिबल मैदानमै भेटिए । वैदेशिक रोजगारमा मलेसियामा रहेका उनी हालै घर फर्किएका हुन् । भलिबल रसाइलीका लागि सबैभन्दा मन पर्ने खेल हो । दश कक्षा मात्र पढेका उनी विद्यालय र गाउँघरमा प्राय सधैँजसो भलिबल खेल्थे । महिला भलिबल हेर्न रसाइली दिनहुँ बस चढेर बेनी आएका थिए । साँझ बस चढेरै घर फर्किने गरेको उनले सुनाए । "सकभर आफ्नो ठाउँमा सञ्चालन हुने भलिबल प्रतियोगिता हेर्न छुटाउँदिन ।" रसाइली मिलेसम्म अहिले पनि भलिबल खेल्न छाड्दैनन् ।

नवौं राष्ट्रिय खेलकुदअन्तर्गत पुरुष भलिबल पोखरा रङ्गशालामा र महिला भलिबल बेनीमा राखिएको थियो । बेनीमा महिला भलिबलसँगै तेक्वान्दो पनि खेलाइएको थियो । दुवै खेल बुधबार सम्पन्न भएका छन् । तेक्वान्दोभन्दा महिला भलिबल हेर्नेको सङ्ख्या अत्यधिक थियो । भलिबल हेर्न म्याग्दीका गाउँगाउँबाट दर्शक बेनी झरेका थिए । छिमेकी जिल्ला बागलुङ र पर्वतबाट समेत दर्शक आएका थिए । "प्रतियोगितामा सबैभन्दा धेरै दर्शक महिला भलिबलमै थिए", चार वर्षदेखि महिला भलिबलको राष्ट्रिय टोलीका प्रशिक्षक रहेका जगदिशप्रसाद भट्टले भने, "पुरुष भलिबलभन्दा तेब्बर बढी दर्शक महिला भलिबलमा थिए ।"

महिला भलिबलको स्वर्ण सशस्त्र प्रहरी बलको एपिएफ क्लबले जितेको छ । बेनीको खुल्ला मञ्चमा बुधबार भएको अन्तिम चरणको खेलमा एपिएफले अर्को विभागीय टोली नेपाल पुलिस क्लबलाई एकका विरुद्ध तीन सेटले पराजित गर्दै उपाधि चुमेको हो । एपिएफले पहिलो सेट २५–१९ र दोस्रो सेट ३०–२८ अङ्कले जितेको थियो । पुलिसले तेस्रो सेटमा एपिएफलाई २६–२४ अङ्कले पराजित गरेको थियो । चौथो सेट भने एपिएफले २५–१९ अङ्कले जित्यो । एपिएफ टोलीको कप्तानी विनिता बुढाथोकीले तथा पुलिस टोलीको कप्तानी कमला पुनले गरेकी थिइन् ।

गण्डकीलाई एकका विरुद्ध तीन सेटले पराजित गर्दै बागमती प्रदेश प्रतियोगितामा तेस्रो भयो । बागमतीले गण्डकीलाई २०–२५, २५–१२, २५–२१ र २५–१७ अङ्कले हरायो । गत असोज २८ गतेदेखि शुरु भएको प्रतियोगितामा सात प्रदेश र तीन विभागीय टोली सहभागी थिए ।

पुलिस टोलीकी कप्तान कमला पुन म्याग्दीकै बासिन्दा हुन् । नेपाली राष्ट्रिय महिला टोलीकी कप्तान अरुणा शाही पनि म्याग्दीकै हुन् । पुरुषतर्फ राजु थकाली र राजु मल्ल पनि म्याग्दीकै हुन् । दुवै जनाले राष्ट्रिय टोलीबाट खेलिसकेका छन् । हाल उनीहरू विदेशमा छन् । महिला र पुरुष टोलीमा यस्ता धेरै प्रतिभा आउने क्रम जारी छ । म्याग्दी जिल्ला खेलकुद विकास समितिका अध्यक्ष दिनेश केसीका अनुसार जिल्लामा भलिबल सबैभन्दा लोकप्रिय छ । "महिला र पुरुष भलिबल यहाँ असाध्यै लोकप्रिय छ, गाउँ गाउँमा वर्षभरी विभिन्न प्रतियोगिता भइरहन्छन्", उनले भने । प्रतियोगिता आयोजना गर्न स्थानीयवासीका साथै विदेशमा रहेका जिल्लावासीले सक्दो आर्थिक सहयोग गरेको केसीले बताए ।

भलिबलप्रतिको मोहकै कारण म्याग्दीमा भलिबल प्रतियोगिता राख्न राष्ट्रिय खेलकुद परिषद्सित अनुरोध गरिएको नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्रबहादुर चन्दले बताए । "म्याग्दीबाट बढी माग भलिबलकै थियो, उनीहरूले प्रतियोगिता भव्य बनाउँछौं भनेका थिए, आयोजनाबाट सबै सन्तुष्ट छन्", अध्यक्ष चन्दले भने । राष्ट्रिय खेल भलिबलमा खेलाडीको कमी नभएको उनको भनाइ थियो । कमी छ त केवल लगानीको । गाउँ गाउँमा भलिबलका प्रतिभा रहेको उल्लेख गर्दै उनले राज्यले लगानी गरे नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्दै नतिजा ल्याउन सक्ने बताए ।

पुरुषभन्दा महिला भलिबलमा नेपालमा उलेख्य प्रगति भएको छ । सन् २०१९ मा बङ्गलादेशको ढाकामा सम्पन्न पहिलो एशियन सेन्टरल जोन महिला भलिबल च्यालेन्ज कप तथा ढाकामै गत वर्ष सम्पन्न दोस्रो एशियन सेन्टरल जोन महिला भलिबल च्यालेन्ज कपमा नेपालले स्वर्ण पदक जितेको थियो । त्यसअघि सन् २०१५ मा मालदिभ्सको मालेमा भएको एभिसी सेन्टरल सब जोनल बीचभलिबलमा महिला टोली पहिलो भएको थियो । सन् २०१२ मा सम्पन्न दक्षिण एशियाली बीचमहिला भलिबल च्याम्पियनसिपमा समेत महिला टोली पहिलो भएको थियो । नेपालमै सम्पन्न १३औं दक्षिण एशियाली खेलकुदमा नेपालले ऐतिहासिक रजत पदक प्राप्त गरेको थियो । भारतसित अन्तिम सेटमा नेपाली टोली पराजित भएको थियो ।

**पुरुष भलिबलमा आर्मी र एपिएफ क्लब भिड्दै**

यसैबीच पुरुष भलिबलको फाइनल खेल आज पोखरा रङ्गशालामा हुँदैछ । स्वर्ण पदकका लागि दुई विभागीय टोली आर्मी क्लब र एपिएफ क्लबबीच खेल हुने छ । खेलमा रु दुई सय र रु तीन सय टिकको व्यवस्था गरिएको छ । हालसम्म पुरुष भलिबलमा दर्शकले खेल अवलोकनका लागि काटेको टिकटबाट रु१० लाखभन्दा बढी रकम सङ्कलन भएको राखेपले जनाएको छ । दैनिक पाँच हजारभन्दा बढी दर्शकले भलिबल खेल टिकट काटेर अवलोकन गर्ने गरेका छन् ।

घरेलु टोली गण्डकी प्रदेशलाई ३–० को सोझो सेटमा पराजित गर्दै एपिएफ क्लब फाइनलमा प्रवेश गरेको हो । पोखरा रङ्गशालास्थित भलिबल कोर्टमा बुधबार भएको खेलमा एपिएफले गण्डकीलाई २५–२१, २७–२५ र २५–१५ अङ्कले हरायो । यस्तै आर्मी क्लबले बुधबारनै नेपाल पुलिस क्लबलाई ३-१ को सेटमा हराएर फाइनल प्रवेश गरेको हो । आर्मीले पुलिसलाई २५-१८, २१-२५, २५-२३ र २५–१९ अङ्कले पराजित गरेको हो ।

# निर्वाचन र लोकतन्त्रलाई दूषित पार्ने खालका सामग्री सम्प्रेषण नगर्न आग्रह

काठमाडौं, ३ कात्तिक (रासस) ।
प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन र लोकतन्त्रलाई दूषित पार्ने खालका सामग्री सम्प्रेषण नगर्न सञ्चारमाध्यम र सामाजिक सञ्जाल प्रयोगकर्तालाई आग्रह गर्नुभएको छ ।

निर्वाचन आयोगको आग्रहमा आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाका सन्दर्भमा सामाजिक सञ्जाल फेसबुकको मातृ संस्था मेटाले आज सञ्चारकर्मीलाई आयोजना गरेको भर्चुअल तालिममा सम्बोधन गर्दै प्रमुख आयुक्त थपलियाले सञ्चारमाध्यम स्वनियमन र स्वनियन्त्रित हुनुपर्नेमा आयोगले जोड दिँदै आएको उल्लेख गर्नुभयो ।

उहाँले आयोगले निर्वाचन आचारसंहितामा पहिलो पटक मिथ्या सूचना, दुष्प्रचार र द्वेशपूर्ण अभिव्यक्तिलाई व्याख्या गरी त्यसको नियमनको प्रबन्ध गरेको जनाउँदै आयोगले सञ्चारमाध्यम र सामाजिक सञ्जाललाई नियन्त्रण नभइ नियमन गराउन खोजेकाले यसमा सबैको साथ आवश्यक रहको जनाउनुभयो ।

प्रमुख आयुक्त थपलियाले निर्वाचनको निष्ठा र स्वच्छता कायम गर्न तथा निर्वाचनसम्बन्धी सूचनालाई व्यवस्थितरूपमा सहजीकरणका लागि आयोगमा प्रेस कार्यालयको स्थापना गरी काम भइरहेको बताउनुभयो ।

# स्रोत नखुलेको २० लाख नगदसहित दुई पक्राउ

जनकपुरधाम, ३ कात्तिक (रासस) ।
स्रोत नखुलेको रु २० लाख नगदसहित प्रहरीले धनुषाको सबैला नगरपालिका-२ रघुनाथपुरबाट दुई जनालाई पक्राउ गरेको छ ।

निर्वाचन लक्षित विशेष सुरक्षा योजनाअनुरूप प्रहरी चौकी बरमझिया धनुषाबाट खटिएको प्रहरी टोलीले बुधबार स्रोत नखुलेको रु २० लाख नगदसहित सुनसरीको इनरुवा नगरपालिका-६ निवासी २२ वर्षीय आशिष कामद र २७वर्षीय बजरङ्गप्रसाद गुप्तालाई पक्राउ गरेको हो ।

सवारीसाधन जाँच गर्ने क्रममा कामदले चलाएको प्र-०१-०२-०४६ प ५६३१ नंको मोटरसाइकल पछाडि सवार गुप्ताले बोकेको कालो रङको झोलाभित्र स्रोत नखुलेको नेपाली नोट रु २० लाख बरामद भएपछि दुवै जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले जानकारी दिनुभयो ।

पक्राउ परेका दुवै जनालाई आवश्यक कारबाहीका लागि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग काठमाडौं पठाइएको प्रहरी नायब उपरीक्षक क्षेत्रीले बताउनुभयो ।

# कात्तिक ८ गते मंगलबार खण्डग्रास सूर्यग्रहण

काठमाडौं, ३ कात्तिक (रासस) ।
कात्तिक ८ गते मङ्गलबार कात्तिक कृष्ण औँसीका दिन खण्डग्रास (थोरै सूर्य ढाक्ने) सूर्यग्रहण लाग्ने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ ।

ग्रहणले अपराह्न ४:५२ बजे स्पर्श गर्ने छ । ग्रहण लागेको ३२ मिनेटपछि बेलुकी ५:२४ बजे सूर्यास्त हुने समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले राससलाई जानकारी दिनुभयो । करिब ३२ मिनेटमात्र नेपालबाट ग्रहण देखिने उहाँले सुनाउनुभयो । नेपालबाट नदेखिने भए पनि ग्रहणले बेलुकी साढे सात बजे छाड्ने छ ।

शास्त्रीय मान्यताअनुसार कात्तिक ८ गते बिहान ४:५२ बजेदेखि बाल, वृद्ध र बिरामीबाहेक अरुलाई भोजन निषेध गरिएको छ । ग्रहण बार्नेले कात्तिक ९ गते बिहान सूर्योदय नभएसम्म अन्न खान निषेध गरिएको छ । ग्रहणका समयमा स्नान, दान, श्राद्ध, जप, ध्यान, साधनालगायत कर्म गर्न शुभ मानिन्छ । ग्रहणका समयमा दीक्षा मन्त्र लिन पनि उत्तम हुने शास्त्रीय मान्यता रहेको धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतम बताउनुहुन्छ ।

ग्रहणका बेला सकेसम्म तीर्थस्थलमा नसके नजिकको नदी, ताल, तलाउ, पोखरी यति पनि सम्भव नभए घरमै स्नान गर्नुपर्ने निर्णयसिन्धु, हेमाद्रि, कालमाधव, वीरमित्रोदयलगायत धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ । ग्रहणका बेला गर्न हुने र नहुने कामलाई यी ग्रन्थमा यसरी उल्लेख गरिएको छ ।

*निद्रायां जायते व्याधि मुत्रे दारिद्रमाप्नुयात् ।*
*पुरिषे कृमियोनिश्च मैथुने ग्रामसुकर ॥*
*अभ्यञ्जने भवेत्कुष्ठि भोजने स्याद्धोगति ।*
*बन्धने च भवेत् सर्पे वधे च नरकं व्रजेत् ॥*

अर्थात् ग्रहणका समयमा सुते रोग लाग्ने, पिसाब गरे दरिद्र, दिसा गरे कीरा भएर जन्मने, मैथुन गरे गाउँको सुङ्गुर भएर जन्मने, सिङ्गारपटार गरे कुष्ठरोगी, भोजन गरे अधोगति, बन्धनमा राखे सर्प भएर जन्मने, काटमार गरे नरकमा बास हुने उल्लेखित धार्मिकग्रन्थमा वर्णन गरिएको छ ।

सूर्य ग्रहणमा चार प्रहर (१२ घण्टा) र चन्द्रग्रहणमा तीन प्रहर (नौ घण्टा) अघिदेखि सुतक लाग्ने धर्मशास्त्रविद् गौतमले

बाँकी तीन पृष्ठमा


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन

मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

# बस्तीका शतप्रतिशत मुसहर समुदायका बालबालिका विद्यार्थी भर्ना

जनकपुरधाम, ३ कात्तिक (रासस) ।

घरदेखि करिब दुई सय मिटरको दूरीमा छ स्कुल तर, सप्तरीको डाक्नेश्वरी नगरपालिका- ५ पातोका १० वर्षीय किसनकुमार सदा विद्यालय जाँदैन्थे । पढ्ने रहर भएर पनि सामाजिक रूपमा गरिँदै आएको अपमानजनक व्यवहार र चेतनाको आभावमा विद्यालय नगएर घरको काममा आफ्ना बुबाआमालाई सघाउँदै आएका थिए, तर स्थानीयवासी युवा र महिलाको लामो प्रयास पश्चात अहिले विगत एक वर्षदेखि उनी नियमित स्कुल जान थालेका छन् ।

बाह्र वर्षको उमेरसम्म विद्यालयको मुखसम्म हेर्न नपाएका स्थानीयवासी ब्रह्मकुमार सदा पनि अहिले एक वर्षदेखि विद्यालय जाँदैछन् । स्थानीय जनता मावि तरहीको कक्षा ३ मा पढ्दै आएका सन्तोष र अशोकले अगुवा युवा तथा महिलाको सक्रियतामा आफूहरूले विद्यालयसम्म पुगेको बताएका छन् । हरूवाचरुवा परिवारका युवा र महिला सङ्गठित भएर अभियान चलाएपछि सन्तोष र अशोक मात्र होइन्, शिक्षाको उज्यालो घामबाट वञ्चित सो बस्तीका ३० बालबालिका एकै पटक स्कुल भर्ना भएर पढ्न थालेका छन् ।

"मुसहर बस्तीका हामी सबै प्रत्येक महिनामा एक पटक बैठक बस्छौँ", स्थानीय युवा तथा सामाजिक अभियानकर्मी नरेश सदाले भन्नुभयो, "त्यही बैठकबाट सबै अभिभावकलाई विद्यालय जाने उमेरका आफ्ना बच्चालाई अनिवार्य विद्यालय पठाउनुपर्ने निर्णय गर्छौं ।" दलित समुदायमा पनि सबैभन्दा पछाडि परेको मुसहर समुदायका बालबालिका स्कुलसम्म पुगेपछि पूरै बस्ती नै पूर्ण साक्षर हुने बाटोमा अघि बढेको स्थानीयवासीले बताएका छन् ।

सामाजिक, आर्थिक र शैक्षिकलगायत सबै क्षेत्रमा पछाडि परेको हरूवाचरुवा मुसहर समुदायका बालबालिकालाई विद्यालयसम्म ल्याउन धेरै मेहनत गर्नुपरेको सामाजिक क्षेत्रमा क्रियाशील श्रीपुर्राज सामुदायिक विकास केन्द्रका टिम लिडर विनोदानन्द चौधरी बताउनुहुन्छ । "सुरु सुरुमा चेतनाको आभावमा मुसहर समुदायका अभिभावक बच्चालाई विद्यालय पठाउनै नमान्दैनथे", टिम लिडर चौधरीले भन्नुभयो, "तर नियमित रूपमा हामीले स्थानीयस्तरमा हरूवाचरुवा नगर सञ्जाल बनाएर सङ्गठित रुपमै दबाब दिएपछि बल्ल अभिभावक आफ्ना छोराछोरीलाई विद्यालय पठाउन मञ्जुर हुनुभएको हो ।"

मुसहर बस्तीका विद्यार्थी स्कुल जान थालेपछि अभिभावकसमेत उत्साहित बनेको उहाँको भनाइ छ । करिब दुई सय घरपरिवार रहेको मुसहर समुदायबाट पहिला मुस्किलले दुई/तीन बालबालिका मात्र विद्यालय आउने गरेकामा पछिल्लो वर्षदेखि सो बस्तीका शतप्रतिशत बालबालिका विद्यालयमा भर्ना भएको जनता माविका शिक्षक पुलकित मुखियाले बताउनुभयो ।

द फ्रिड्म फण्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्रद्वारा सञ्चालित हरूवाचरवा सशक्तिकरण अभियानअन्तर्गत गठित बाबा डिहबार हरूवाचरवा परिवारमा आवद्ध भएर स्थानीयवासी सामाजिकसँगै आयआर्जनको बाटोमा समेत अघि बढ्देका छन् ।

छुवाछुत र भेदभावलाई छाडेर सो गाउँका हरूवाचरुवा मुसहर परिवारका सदस्य अहिले बस्तीको विकास र आयआर्जनको काममा समेत नेतृत्व लिँदै आएका छन् । "छुवाछुत भनेको अन्धविश्वास हो, यसले मानव समाजलाई नै अघि बढ्न दिँदैन्", स्थानीय युवा राजेश चौधरीले भन्नुभयो, "समाजमा उच्च निचको कुरा गर्नुहुँदैन् भन्ने हामीमा ज्ञानको विकास भयो ।"

मूहमा महिला र पुरुष सबैलाई सहभागी गराएर एकापसमा आयआर्जन र सरसफाइको कुरा चलाएपछि स्थानीयमा सरसफाइ र आफ्ना बालबालिकालाई विद्यालय पठाउनुपर्छ भने सोचको विकास भएको हरूवाचरुवा नगर सञ्जालका अध्यक्ष मधु सदाले बताउनुभयो ।

*ठूला दलहरुले ...*

मृगेन्द्र कुमार सिंह यादव, पार्टीका केन्द्रीय प्रवक्ता मनिष सुमन, नेता विकास कुमार तिवारी, राजनीतिक समिति सदस्य एवम् मधेश प्रदेश सरकारका अर्थमन्त्री शैलेन्द्र प्रसाद साह, पूर्व सांसद रञ्जु ठाकुर, महिला नेता सावित्री पन्डित, महदेवा गाउँपालिकाका पुर्व अध्यक्ष दिपक कुमार यादव लगायतले मन्तब्य व्यक्त गरेका थिए ।

*कातिक ८ गते ...*

सुनाउनुभयो । सुतक लागेपछि भोजन गर्न नहुने धार्मिक विश्वास छ । यसै विश्वासअनुसार कात्तिक ८ गते बिहान ४:५२ बजेदेखि भोजन गर्नु हुँदैन ।

ग्रहणका समयमा नित्यकर्म गर्नु हुन्छ । घरमा तिथि, श्राद्ध परेमा ग्रहणमा गर्न हुने समितिले जनाएको छ । ग्रहण निषेध गरिएकाबाहेक कर्म गर्न हुने जनाइएको छ ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

स्था.-२०६८ मलेठ, सप्तरी

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**



## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५


## विश्व समाचार

### सुरक्षा परिषद्द्वारा इजरायल-लेबनान समुद्री सीमा सम्झौताको स्वागत

संयुक्त राष्ट्रसङ्घ, ३ कात्तिक (रासस/सिन्ह्वा) ।

संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले इजरायल र लेबनानले समुद्री सीमा विवाद समाधानका निम्ति गरेका सम्झौताको स्वागत गरेको छ । दुवै देशले समुद्री सीमा विवाद अन्त्य गर्ने सम्झौताको घोषणा गरेकामा सुरक्षा परिषद्ले बुधबार त्यसको स्वागत गरेको हो ।

सुरक्षा परिषद्का सदस्यले लेबनान र इजरायलले आफ्नो समुद्री सीमाको विवाद अन्त्य गर्न र यसलाई स्थायीरूपमा समाधान गर्न सहमत भएको घोषणाको प्रशंसा गरेका छन् । दुवै देशको उक्त निर्णयले मध्यपूर्वको स्थायित्व, सुरक्षा र समृद्धिमा योगदान पुग्ने परिषद्ले एक प्रेस विज्ञप्ति निकालेर जनाएको छ ।

इजरायल र लेबनानबीचको सहमतिले दुवै देश र त्यहाँका जनतालाई फाइदा पुग्ने तथा पूर्वीभूमध्यसागरमा रहेको ऊर्जा स्रोतबाट दुवै पक्षलाई समानरूपमा लाभान्वित तुल्याउन अवसर मिल्ने परिषद्ले विज्ञप्तिमा उल्लेख गरेको छ ।

लेबनान र इजरायलका नेताले गत असोज २५ गते पूर्वीभूमध्यसागरको सिमाना विवाद समाधान गर्न सहमत भएको घोषणा गरेका थिए ।

### डब्ल्युएचओ प्रमुखले लाखौं डलर दुरूपयोग गरेको आरोप

लन्डन, ३ कात्तिक (रासस/एपी) ।

सिरियास्थित संयुक्त राष्ट्रसङ्घीय निकाय विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)को कार्यालयका प्रमुखलाई लाखौं डलर दुरुपयोग गरेको आरोप लागेको छ ।

उक्त कार्यालयका कर्मचारीले कोभिड-१९को महामारीबाट देश आक्रान्त भएका बेला कार्यालय प्रमुख डा अक्जेमल म्याग्टिमोवाले सरकारी अधिकारीलाई कम्प्युटर, सुनका सिक्का र कारसमेत उपहार दिएर डब्ल्युएचओ कोषको दुरूपयोग गरेको आरोप लगाएका हुन् ।

एसोसिएटेड प्रेस (एपी)ले प्राप्त गरेको १०० भन्दाबढी गोप्य कागजात, सन्देश र अन्य सामग्रीमा डब्ल्यूएचओका सिरिया प्रमुखले सिरियाली सरकारका उच्च पदस्थ राजनीतिज्ञसँग सम्झौता गर्न कर्मचारीलाई दबाब दिएकी तथा लगातर गलत ढङ्गले कोष र दाताले दिएको रकम दुरूपयोग गरेको वयान दिएका भेटिएको छ ।

कर्मचारीले अनुसन्धानकर्तालाई उनले भ्रष्टाचार गरेको वयान दिएका दस्तावेज एपीले हात पारेको हो ।

म्याग्टिमोभाले उनीमाथि लागेका आरोपबारे जवाफ दिन अस्वीकार गरेकी छन् । आफ्नो पदीय मर्यादाको ख्याल गर्दै उनले जानकारी दिन अस्वीकार गरेकी बताइएको छ । यद्यपि उनले ती आरोपलाई अपमानजनक भनेकी छन् ।

उनीविरूद्ध १२ जना कर्मचारीले उजुरी गरेका थिए । उजुरीपरेसँगै डब्ल्यूएचओले २० भन्दा बढी अधिकारी खटाएर आन्तरिक अनुसन्धान थालेको छ । उक्त संस्थाले उनीविरूद्धको अरोपको छानबिन भइरहेको र त्यसनिम्ति बाह्य अनुसन्धानकर्ता परिचालन गरेको बताएको छ ।

### इण्डोनेशियालाई जी-२० मा चीनले सघाउने

बेइजिङ, ३ कात्तिक (रासस/सिन्ह्वा) ।

चीनले इन्डोनेशियालाई विश्वका प्रमुख विकसित र विकासशील अर्थतन्त्रहरूको अन्तरसरकारी मञ्च जी-२० मा इण्डोनेशियालाई सघाउने घोषणा गरेको छ ।

यही कात्तिक २९ गते इण्डोनेशियाको बालीमा हुने जी(२० को शिखर बैठकमा समूहको अध्यक्षको रूपमा आफ्नो भूमिका निर्वाह गर्न इण्डोनेशिया सक्षम रहेको जनाउँदै चीनले उसलाई सम्मेललनमा सघाउने एवम् भावी योजना एवम् रणनीतिमा आफ्नो समर्थन रहने बताएको हो ।

शिखर सम्मेलनले विश्वव्यापी कोभिड(१९ प्रतिको प्रतिकार्य, आर्थिक पुनरुत्थान, खाद्य सुरक्षा तथा ऊर्जामा योगदान गर्ने अपेक्षा चीनको रहेको एक जना वरिष्ठ चिनियाँ कूटनीतिज्ञले बिहीबार बताएका हुन् ।

उप विदेशमन्त्री मा झाओसुले बाली शिखर सम्मेलनको "एकसाथ सुदृढ पुनः प्राप्तिको नारालाई चीनको समर्थन रहेको बताउँदै कोभिड १९ प्रतिको प्रतिकार्यका निम्ति अन्तर्राष्ट्रिय सहयोगलाई सुदृढ तुल्याउन, विश्वव्यापीरूपमा आर्थिक सुधार प्रवर्द्धनगर्ने, विश्वव्यापी खाद्य र ऊर्जा सुरक्षा सुनिश्चित गर्नेलगायत क्षेत्रमा शिखर सम्मेलनले सक्रिय एवम् रचनात्मक भूमिका निर्वाह गर्ने बताए ।

चिनियाँ कम्युनिष्ट पार्टीको २०औं राष्ट्रिय महाधिवेशनको अवसरमा आयोजित पत्रकार सम्मेलनमा उप विदेशमन्त्री माले समूहको सदस्यको रूपमा चीनले अन्तर्राष्ट्रिय आर्थिक सहयोग र विश्वव्यापी आर्थिक सुशासनमा सक्रिय भाग लिइरहेको, दिगो, सन्तुलित एवम् समावेशी वृद्धिलाई अघि बढाउन अन्य पक्षहरूसँग मिलेर काम गरिरहेको बताए ।

# ९९ लाखको अबैध समान बरामद

**दैनिक समाचारदाता**
**राजविराज, ३ कात्तिक ।**

सप्तरी प्रहरीले तीन महिनाको अवधीमा ९९ लाख बराबरको अवैध सामानहरु बरामद गरेको छ ।

प्रहरीले चालु आ.ब.को तीन महिनाको अवधीमा ९९ लाख ३४ हजार ३ सय ८३ रुपैया मुल्य बराबरको भन्सार छलीका विभिन्न समान बरामद गरेको हो ।

प्रहरी उपरिक्षक अविनारायण काफ्लेका अनुसार गत आ.ब.२०७८/०७९ मा २ करोड ६२ लाख ७५ हजार ८ सय ८९ रुपैया बराबरको अवैध सरसमान जफत गरी भन्सार कार्यालयमा बुझाएकोमा चालु आ.ब.०७९/०८० को श्रावण, भदौ, असोज गरी ३ महिना मै ९९ लाख ३४ हजार ३ सय ८३ रुपैया बराबरको भन्सार छलीका अवैध सरसमान बरामद गरिएको छ ।

खुल्ला सीमा नाकाको प्रयोग गर्दै तस्करहरुले भारतीय बजारबाट नेपाली वजारमा चोरी पैठारी गर्दै मालसमानहरु भित्र्याइरहेको सूचनापछी चेक जाँचमा कडाई र निगरानी बढाइएको प्रहरी उपरिक्षक काफ्लेको भनाई छ ।

भन्सार छलेर ल्याइएको सरसमानमा सबभन्दा बढी किराना, पान मसाला, लताकपडा र इलोक्ट्रोनिकका सरमासनहरु रहने गरेको पाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । यस्तै तीन महिना कै अवधीमा अवैध सरसमान ओसार पोसारमा प्रयोग गरिएका तथा भन्सार नकाटी संचालन गरिएका ठुलो संख्यामा सवारी साधन समेत जफत गरी भन्सार चलान गरिएको छ ।



तीन महिनाको अवधीमा यसरी जफत गरीएका सवारी साधनहरुमा सब भन्दा बढी ७६ वटा मोटरसाईकल छन् । यस्तै टेम्पो अटो ३, पिकअप भ्यान र सिटी रिक्शाा २/२ र १/१ वटा कार तथा ट्रक समेत नियन्त्रणमा लिई भन्सारमा बुझाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरीले बुधबार मात्रै भन्सार छली ल्याइएको १ लाख भन्दा बढीको सरसमान पक्राउ गरी भन्सार कार्यालय बुझाएको थियो । प्रहरीले विहीवार पनि ८९ हजार ८ सय ५० रुपैया भन्दा बढीको अवैध सरसमान जफत गरी भन्सार कार्यालयमा बुझाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी एवं सुचना अधिकारी नरेश कुमार सिंहका अनुसार भन्सार छलेर भारतबाट ल्याइएका ८९ हजार ८ सय ५० रुपैया भन्दा बढीको किराना, लताकपडा तथा भाडा वर्तन लगायतका अवैध सरसमान राजविराज नगरपालिका ८ स्थित सडक खण्डमा चेकजाँचको क्रममा वरामद गरिएको हो ।

प्रहरीले यस अघि बुधवार पनि छिन्नमस्ता गाउँपालिका क्षेत्रबाट ५८ हजार २ सय ३६ तथा मंगलवार १ लाख भन्दा बढीको भन्सार छलेर ल्याइएका अवैध सरसमान जफत गरी भन्सार कार्यालयमा बुझाएको थियो ।

# काँग्रेसका निर्वाचित प्रदेश उपसभापतिसहित दर्जनौं जसपामा प्रवेश

**दैनिक समाचारदाता**
**राजविराज, ३ कात्तिक ।**

सप्तरीको प्रतिनिधिसभा क्षेत्र नं. १ स्थित डिमनमा जसपाद्वारा आयोजित घरदैलो कार्यक्रममा नेपाली कांग्रेस र जनमत पार्टीका एकसय भन्दा बढी स्थानिय नेता तथा कार्यकर्ता जसपामा बिहीबार प्रवेश गरेका छन् ।



प्रवेश गर्नेहरुमा नेपाली कांग्रेस सप्तरी १ को प्रदेश समिति ख का उपसभापति भगवतीप्रसाद यादवदेखी निवर्तमान वडाअध्यक्ष एवं जनमत पार्टीका तर्फबाट हालै सम्पन्न स्थानिय तहको निर्वाचनमा वडा अध्यक्ष पदका उम्मेदबार रहेका मनोज कुमार यादव छन् ।

नवप्रवेशीहरुलाई जसपा-एमाले गठबन्धनबाट प्रतिनिधिसभा सदस्य पदका साझा उम्मेदवारसमेत रहेका मधेश प्रदेशका सामाजिक विकास मन्त्री नवलकिशोर साहले फुलमाला र अबिर लगाई स्वागत गरे ।

प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचन नजिकिदै गर्दा जिल्लामा पार्टी परिवर्तन गर्नेको होडबाजी नै चलेको छ । दुईसाता यता विभिन्न दलका क्रियाशिल सदस्य एवं पदाधिकारीसहित ५ सय भन्दा बढीले दल परिवर्तन गरेका छन् ।


नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

**गजेन्द्र नारायण सिंह अस्पताल**
**राजविराज, सप्तरी**

**शिलवन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने आशय पत्रको सूचना ।**

**प्रकाशन मिति : २०७९/०७/०४**

कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित मिति २०७९/०५/०५ गतेको सूचना अनुसार निम्न कार्यका लागि पर्न आएका दररेट प्रस्ताब दाताहरु मध्ये तपसिल वमोजिमका दररेट प्रस्ताब सारभुत रुपमा प्रभावग्राही न्यूनतम मुल्याकंन प्रस्ताब दररेट पत्र स्वीकृतीको लागि मुल्याकंन समितिवाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनको लागि सम्वन्धित सवै दरभाउपत्रहरु लाई ७ (सात) दिने आशयको सूचना समेत यसै सूचनावाट जानकारी गराईन्छ ।

**तपसिल**

| ठेक्का नं. | विवरण | फर्मको नाम र ठेगाना | मु.अ.क.बाहेकको कबोल रकम रु. |
|---|---|---|---|
| ३-०७९/८० | छपाईका सामानहरु खरिद सम्बन्धी | साझा अफसेट प्रेस राजविरा | ३२५७५० |
| ४-०७९/८० | मस्लन्दका सामानहरु खरिद सम्बन्धी | धर्मराज ट्रेडर्स एण्ड सप्लायर्स राजिविराज -४ | ७८१०५४।- |

......................
(डा. प्रकाश प्रसाद शाह)
प्र.मे.सु.


# सरोकारवालाबीच बाल सम्वाद कार्यक्रम सम्पन्न




**दैनिक समाचारदाता**
**राजविराज, ३ कातिक ।**

बालमैत्री समाजको आधार, जिम्मेदार परिवार उत्तरदायी सरकारको मुलनाराका साथ बिहीवार यहाँ सरोकारवाला बीच बाल सम्वाद कार्यक्रम(बाल कचहरी) सम्पन्न भएको छ ।

सप्तरीको सुरुङगा नगरपालिका वडा नं. ५ कदमहाको कबडहलमा शिक्षा, स्वास्थ्य र बालसंरक्षण तथा बालअधिकार सम्बन्धि सम्वाद सम्पन्न भएको हो ।

सिडा कार्यक्रम अर्न्तग महिला बालबालिका तथा जेष्ठ नागरिक सुरुङगा नगरपालिका र सेभ द चिल्ड्रेन, सवल नेपालको साझैदारी तथा नगर बालकलब संजालको आयोजनामा कार्यक्रम सम्पन्न भएको सिडा कार्यक्रम परियोजनाका संयोजक निरबहादुर आले जानकारी दिए ।

सुरुङगा नगरपालिका अर्न्तगत तीन वटा समुदायिक विद्यालयका प्रअ, तीन वटा वडा अध्यक्ष,तीन वटा स्वास्थ्य चौकीका प्रतिनिधि, स्वास्थ्य संयोजक, नगर शिक्षा अधिकृत, इलाका प्रहरी कार्यालयका प्रतिनिधि, प्रमुख प्रशासकिय अधिकृत, महिला बालबालिका तथा जेष्ठ नागरिकका शाखा प्रमुखलाई बाल क्लबका सदस्यहरुले बिभिन्न बिषयमा प्रशन सोधेका थिए ।

सुरुङगा नगरपालिकाका उपप्रमुख रुद्रबहादुर कार्कीको प्रमुख अतिथियमा सम्पन्न भएको बाल कचहरी कार्यक्रम सुरुङगा नगरपालिकाका बाल क्लबका सम्पुर्ण सदस्यहरुको सहभागिता रहेको थियो ।

नगरवाल संजालका अध्यक्ष सुस्मिता राउतको अध्यक्षतामा सम्पन्न भएको बाल कचहरी सम्वाद कार्यक्रममा करिब १०९ जनाको सहभागिता रहेको आयोजक समितिले जनाएको छ ।

### *सप्तरीका क्षेत्र नं. २ ...*

एउटै पार्टीमा रहेका महेश र उमेश पछिल्लो केही वर्ष यता फरक गुटमा रहेपनि निर्वाचनमा पार्टी नै परिवर्तन गरी महेश सहयात्री उमेशको प्रतिस्पर्धी नै बनेर चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् ।

यस क्षेत्रबाट जसपा-एमाले गठबन्धनका साझा उम्मेदवार लक्ष्मण यादव पनि प्रतिस्पर्धामा छन् । एमालेसँग गर्नू परेको गठबन्धनको कारणबारे कार्यकर्ता र मतदातालाइ सम्झाउँदै लक्ष्मण पनि जित निकाल्ने दाउमा छन् ।


**धार्मिक-साँस्कृतिक सहिष्णुता कायम राखौं**

एक-अर्काको धर्मसँस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं।
एक-आपसमा भेद्भाव नगरौं, धार्मिक-साँस्कृतिक सहिष्णुता कायम राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | CITY EXPRESS Money Transfer | Best Remit Quick & Easy | PRABHU Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*